# महालेखापरीक्षकको
# वार्षिक लेखापरीक्षण प्रतिवेदन
# मुगुम कर्मारोङ्ग गाउँपालिका
# मुगु




महालेखापरीक्षकको काया)लय

काठमाडौंङ, नेपाल

# *Serving the Nation and the People*

## दूरदृष्टि (Vision)

जनहितकालागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुन प्रयत्नशील रहने ।

(We strive to be a credible institution in promoting accountability, transparency and integrity for the benefit of the people)

## गन्तव्य (Mission)

सरोकारवालालाई सार्वजनिक कोषको दक्षतापूर्ण उपयोग सम्बन्धमा आश्वस्त पार्न स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide independent and quality audit service to assure our stakeholders that the public funds are efficiently used)

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | (Integrity) |
| स्वतन्त्रता | (Independence) |
| व्यावसायिकता | (Professionalism) |
| पारदर्शिता | (Transparency) |
| जवाफदेहिता | (Accountability) |

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय
(प्रदेश नं. ५, कर्णाली प्रदेश तथा सुदूरपश्चिम प्रदेश)

Phone : 4258174
4266034
4255707
A.G. Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाडौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal

पत्र संख्या:२०७६/७७
च.नं. : ११३

मिति: २०७७/३/२८

श्री अध्यक्षज्यू,
गाउँ कार्यपालिकाको कार्यालय,
मुगुम कार्मारोङ्ग गाउँपालिका, मुगु ।

**विषयः लेखापरीक्षण प्रतिवेदन ।**

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस कार्यपालिकाको आर्थिक वर्ष २०७५।७६ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ। उक्त प्रतिवेदन लेखापरीक्षण ऐन, २०७५ को दफा २०(३) र दफा २२ प्रयोजनको लागि अनुरोध छ।

(चन्द्रकान्त भण्डारी)
नायब महालेखापरीक्षक

## महालेखापरीक्षकको भनाई



**(टंकमणि शर्मा, दंगाल)**
**महालेखापरीक्षक**

नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीयतहका सबै सरकारी कार्यालयको लेखापरीक्षण नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यको आधारमा महालेखापरीक्षकबाट हुने व्यवस्था छ। लेखापरीक्षण ऐन,२०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्था बमोजिम स्थानीय तहको आर्थिक वर्ष २०७५/७६ को आर्थिक कारोवारको लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गरिएको छ ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीयतह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र निकायसंग सम्बन्धित ऐन नियम समेतको आधारमा सम्पन्न गरिएको छ। लेखापरीक्षणको प्रमुख उद्देश्यहरुमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानूनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी र जवाफदेहिता एवं सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । त्यसैगरी स्रोत साधनको प्राप्ति र उपयोग सम्बन्धमा प्रचलित कानूनको पालना भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रस्तुत गरी सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ।

आर्थिक वर्ष २०७५/७६ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी प्रारम्भिक प्रतिवेदन उपर प्रतिक्रिया प्राप्त नभएकोले सोही बमोजिम राय सहितको अन्तिम प्रतिवेदन जारी गरिएको छ। प्रतिवेदनमा दिएका सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहमा रहेको सीमित स्रोत साधनको उपयोग गरी विकास निर्माण र सेवा प्रवाहमा मितव्ययिता, दक्षता र प्रभावकारिता हासिल गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ। फलस्वरुप स्थानीय तहको कार्यसम्पादनमा जवाफदेहिता र पारदर्शिता प्रर्वद्धन हुने विश्वास लिइएको छ।

लेखापरीक्षणबाट मूलतः स्थानीय तहमा प्राप्त हुने अनुदान, आन्तरिक आय र राजश्व बाँडफाँडको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आयतर्फ संकलन न्यून रहेको, बजेट अनुशासन कमजोर रहेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, बर्षान्तमा बढी खर्च गरेको, अत्याधिक प्रशासनिक खर्च गरेको, वितरणमुखी खर्चको बाहुल्यता रहेको जस्ता प्रवृति देखिएका छन। त्यसैगरी विकास निर्माण तर्फ योजना प्राथामिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, जटिल प्रकृतिका कार्यहरु समेत उपभोक्ता समितिबाट गराएको, तोकिए बमोजिम जनसहभागिता नजुटेको, दीगो विकासका लक्ष्य अनुरुप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालीन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन। स्थानीयतहको आन्तरिक व्यवस्थापन तर्फ आवश्यक शीपयुक्त जनशक्तिको कमी रहेको, सेवाप्रवाहमा अपेक्षित सुधार हुन नसकेको, श्रोत साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको अभिलेख नराखेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको छ । साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ। गतविगतमा लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरु सुधार तथा बेरुजू उपर अपेक्षित रुपमा आवश्यक कारवाही भए गरेको समेत देखिएन।

समय र जनशक्तिको सीमितताको वावजुद यथासम्भव स्थानीयतहको कार्यस्थलमा नै उपस्थित भै लेखापरीक्षण गर्ने प्रयास गरिएको थियो। लेखापरीक्षणको क्रममा स्थानीयतहका प्रमुख सहितका पदाधिकारीहरुसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापनमा सुधार हुने, भौतिक पूर्वाधार र सेवाप्रवाहमा सुधार हुने अपेक्षा गरेको छु। स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरु र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरु सबैलाई धन्यवाद ज्ञापन गर्दछु। आगामी दिनमा समेत यस्तै सहयोगको अपेक्षा गर्दछु।

२०७७ आषाढ २८ गते।

# महालेखापरीक्षकको कार्यालय
# Office of the Auditor General

प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय
(प्रदेश नं. ५, कर्णाली प्रदेश तथा सुदूरपश्चिम प्रदेश )

Phone : 4258174
4266034
4255707
A.G. Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाडौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal


पत्र संख्या: २०७६।७७
च.नं. : ११३

मिति: २०७६।०६।२५

महालेखा परीक्षकको कार्यालय नेपाल २०१६

विषय: लेखापरीक्षण प्रतिवेदन ।

श्री अध्यक्षज्यू,
गाउँ कार्यपालिकाको कार्यालय,
मुगुम कर्मारोङ्ग गाउँपालिका, मुगु ।

**कैफियत सहितको राय**

हामीले मुगुम कर्मारोङ्ग गाउँपालिकाको आर्थिक वर्ष २०७५।७६ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरुको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको २०७६ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७५।७६ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानून बमोजिम सारभूतरुपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. गाउँपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।

२. लेखापरीक्षणबाट रु. ५७ लाख ६० हजार बेरुजु देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु. ३ लाख ३८ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु.३२ लाख ३६ हजार र पेश्की बाँकी रु. २१ लाख ८६ हजार रहेको छ ।

३. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा मिति २०७६।०६।६ मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्रतिक्रिया प्राप्त नभएकोले सोही बमोजिम तयार गरिएको अन्तिम प्रतिवेदन पाना १६(सोह्र) यसैसाथ संलग्न छ ।

४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकीन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं । त्यसका लागि स्वीकृत आचारसंहिता अनुसार हामीले काम गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरु हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन २०७६ र स्थानिय सरकार सञ्चालन ऐन २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तिका कारण वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी गाउँपालिका व्यवस्थापनमा रहेको छ । गाउँ कार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूतरुपमा गलत आँकडा रहित रहेको होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरुपमा गलत आँकडा मानिएको छ ।

२०७६।६।२५

(चन्द्रकान्त भण्डारी)
नायब महालेखापरीक्षक


email : oagnep@ntc.net.np, info@oag.gov.np
Web Page: www.oagnep.gov.np

# श्री मुगुम कार्मारोङ्ग गाउँपालिका, मुगु
# लेखापरीक्षण प्रतिवेदन, २०७५।७६

**गाउँपालिकाको परिचय -** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्दतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायीक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले गाउँपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारीता, सह-अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु यस मुगुम कार्मारोङ्ग गाउँपालिकाको उद्देश्य रहेको छ। कर्णाली प्रदेश अर्न्तगत रहेको यस गाउँपालिकाको क्षेत्रफल २ हजार १०७ वर्ग किलोमिटर, जनसंख्या ५ हजार ३९६ छ जसमा ९ वडा र ४५ जना गाउँसभा सदस्य रहेका छन् ।

**स्थानीय संचितकोष -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम मुगुम कार्मारोङ्ग गाउँपालिकाले प्राप्त गरेको आय, अनुदान तथा सहायता र स्थानीय सरकारले गरेका प्राप्ति र भुक्तानी हिसावको आर्थिक वर्ष २०७५।७६ को समग्र सञ्चित कोषको संक्षिप्त अवस्था निम्न वमोजिम रहेको छ :

| आयतर्फ | | व्ययतर्फ | |
|---|---|---|---|
| **विवरण** | **रकम** | **विवरण** | **रकम** |
| **गत वर्षको जिम्मेवारी** | | **चालु खर्च** | ४२१२१२१२ |
| बैंक | ३६८८७८७५ | **पूँजीगत खर्च** | ७९५२९३६५ |
| **राजस्व (आन्तरिक आय)** | | **सशर्त तर्फ** | ६२९३१४४७ |
| क) आन्तरिक राजस्व | १०७५३२०६ | **वित्तीय व्यवस्था भुक्तानी** | ० |
| ख) राजस्व बाँडफाँड | ३६०५७०८८.१ | क) सावा/ऋण/व्याज भुक्तानी | ० |
| ग) अन्य आय | २२५५८६ | **लगानी** | ० |
| **वित्तीय हस्तान्तरण** | | ख) ऋण / शेयर /अन्य लगानी | ० |
| क) वित्तीय समानीकरण अनुदान | ६००००००० | **धरौटी** फिर्ता | २५००० |
| ख) सशर्त अनुदान | ६२९३१४४७ | ग) गरिबसँग विशेश्वर सर्शत | ५३९४००० |
| ग) गरिबसँग विशेश्वर सर्शत | ५३९४००० | घ) प्रधानमन्त्री रोजगार सर्शत | २४०२९३९ |
| घ) प्रधानमन्त्री रोजगार सर्शत | २४०२९३९ | ङ) स्था.पु. वि. तथा सा.का.सर्शत | १२१८५९८६ |
| ङ) स्था.पु. वि. तथा सा.का.सर्शत | १२१८५९८६ | च) फो.पु. क्षेत्रगत कार्यक्रम सर्शत | ४५१००३७ |
| च) फो.पु. क्षेत्रगत कार्यक्रम सर्शत | ४५१००३७ | सामाजिक सुरक्षा खर्च | ३२५०५६०० |
| **प्रदेश सरकारबाट प्राप्त अनुदान** | | सामाजिक सुरक्षा फिर्ता | ९९४०० |
| क)वित्तीय समानीकरण अनुदान | ४६७२००० | **विषयगत निकायबाट प्राप्त रकम** | ० |
| घ) विशेष अनुदान | ० | **बहुक्षेत्रीय पोषण** | ९५७८२५ |
| **अन्तर स्थानीय तहबाट प्राप्त** | ० | **एलजिसिडीपी (चालु तथा पूँजीगत)** | ३०५००० |
| **वित्तीय व्यवस्था प्राप्ति** | ० | **कोष खर्च** | ० |
| क) सावा/ऋण/व्याज प्राप्ति | ० | **प्रदेश अनुदा सर्शत** | ० |
| **विभिन्न कोषतर्फको आय** | ० | **मौज्दात** | ० |
| **विषयगत निकायबाट प्राप्त रकम** | ० | विपद व्यवस्थापन कोष | १०००००० |
| **बहुक्षेत्रीय पोषण** | ९५७८२५ | नगद मौज्दात | ० |
| **एलजिसिडीपी (चालु तथा पूँजीगत)** | ३०५००० | सचिंतकोष रा.वा.बैक | १८९२५९९४.१ |
| **सामाजिक सुरक्षा** | ३२६०५००० | सचिंतकोष NIC ASIA बैंक | ६९९४१८४ |
| **धरौटी आय** | ४५०२५८ | धरौटी बाँकी | ४५०२५८ |
| **युनिसेफ** | ८०३३३१ | युनिसेफ | ८०३३३१ |
| **जम्मा** | **२७११४१५७८.१** | **जम्मा** | **२७११४१५७८.१** |

| दफा नं. | लेखापरीक्षणबाट देखिएका व्यहोरा | बेरुजु रु. |
|---|---|---|
| | उल्लिखित कारोवारको लेखापरीक्षण समष्टिगत लेखापरीक्षण योजना, इकाईगत लेखापरीक्षण योजना, गाउँपालिकाले पेश गरेका कागजात, आन्तरिक लेखापरीक्षण प्रतिवेदन र अन्य विवरण समेतलाई आधर मानी सम्पन्न गरिएको छ । लेखापरीक्षण टोलीमा रहेको सीमित साधन र स्रोत, सूचनाको पहुँचमा हुने सीमितता, कम समयमा धेरै कार्य क्षेत्रको लेखापरीक्षण गर्नुपर्ने विद्यमान अवस्था, कारोबारको जटिलता, सम्पूर्ण आर्थिक कारोबारको कानूनी बैद्यता परीक्षणमा कठिनाई जस्ता सीमाहरु लेखापरीक्षणमा रहेका छन् । लेखापरीक्षण ऐन, २०७५ र लेखापरीक्षणका अन्तर्राष्ट्रिय मानदण्ड तथा मार्गदर्शनमा समेत नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार अन्तर्गत तथा कार्यालयले निर्क्यौल गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । सारभूतरुपमा उल्लेखनीय नदेखिएका व्यहोराहरुलाई प्रतिवेदनमा समावेश गरिएको छैन । लेखापरीक्षणबाट देखिएका व्यहोरा उपर व्यवस्थापन पक्षसँग छलफल सम्पन्न भएको छ । छलफल पछि कायम भएका व्यहोरा निम्नानुसार छन् : | |
| | **लेखापरीक्षणको क्रममा असुली -** लेखापरीक्षणको क्रममा देहाय अनुसारको रकम असुली भएको छ । | |

| विवरण | असुली रकम रु. |
|---|---|
| पोशाक भत्ता | १,५०,०००।- |
| प्रधानमन्त्री रोजगार कार्यक्रम | ७,७५५।- |
| सामाजिक सुरक्षा | ८०,८००।- |
| राजस्वतर्फ | ४,५००।- |
| विद्यालयलाई बढी भुक्तानी | १३,६६०।- |
| ग्रेड बढी भुक्तानी | ११,२३२।- |
| गत वर्षको सम्परीक्षणबाट | १२,०००।- |
| अध्यक्ष तथा उपाध्यक्षको पारिश्रमिक कर | ५०,२००।- |
| **जम्मा** | **३,३०,१४७।-** |

| दफा नं. | लेखापरीक्षणबाट देखिएका व्यहोरा | बेरुजु रु. |
|---|---|---|
| १ | **आर्थिक कारोबार र लेखापरीक्षण** - यस गाउँपालिकाको रु.२७ करोड ११ लाख ४१ हजारको लेखापरीक्षण सम्पन्न भएको छ । सो रकममा गत वर्षको जिम्मेवारी रु.३ करोड ६८ लाख ८७ हजार, वित्तीय समानीकरण (प्रदेश सरकारतर्फ समेत) रु.६ करोड ४६ लाख ७२ हजार, सशर्त अनुदान (विभिन्न कार्यक्रम समेत) रु.८ करोड ९१ लाख २१ हजार, सामाजिक सुरक्षा रु.३ करोड २६ लाख ५ हजार, राजस्व बाँडफाँड रु.३ करोड ६० लाख ५७ हजार र अन्य आय रु. १ करोड १७ लाख ९९ हजार रहेको छ । | |
| २ | **आन्तरिक लेखापरीक्षण -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७७(२) मा स्थानीय तहले कानून बमोजिम आफ्नो आय र व्ययको आन्तरिक लेखापरीक्षण गराउनु पर्ने व्यवस्था रहेको छ । गाउँपालिकाले कोष तथा लेखा नियन्त्रक कार्यालयबाट निकासा दिने शिर्षकहरुको आन्तरिक लेखापरीक्षण कोष तथा लेखा नियन्त्रक कार्यालयबाट गराएको छ । सो बाहेक अन्य आम्दानी खर्चको आन्तरिक लेखापरीक्षण गराएको छैन । तसर्थ यस आर्थिक वर्षमा यस गाउँपालिकाको आंशिक मात्र आन्तरिक लेखापरीक्षण भएको छ । यसर्थ आर्थिक कारोबारमा हुन सक्ने गल्ती त्रुटिहरुलाई समयमा नै सच्याउनको लागि चौमासिक रुपमा भएका सबै कारोबारको आन्तरिक लेखापरीक्षण गर्नुपर्दछ । | |
| ३ | **विद्युतीय लेखा -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ मा कारोबार को लेखा राख्नु पर्ने तथा महालेखा नियन्त्रकको कार्यालयले निःशुल्क रुपमा उपलब्ध गराई सबै गाउँपालिकाहरुले Sub-National Treasury Regulatory Application (SuTRA) प्रयोग गरी लेखा राख्नुपर्ने व्यवस्था छ । यस गाउँपालिकाले उक्त प्रणालीमा लेखा स्रेस्ता अद्यावधिक गरी राखेको छैन । त्यसैले लेखाप्रणालीलाई व्यवस्थित बनाउन तोकिए बमोजिमको विद्युतीय प्रणालीमा लेखा स्रेस्ता राख्नु पर्दछ । | |

| | | |
|---|---|---|
| ४ | **वजेट पेश गर्ने तथा पारित गर्ने -** स्थानीय तह सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई आषाढ १० गते भित्र सभामा पेश गर्नुपर्ने व्यवस्था छ । आय-व्ययको अनुमान साथ गत वर्षको वास्तविक आय-व्यय, चालु आर्थिक वर्षको अन्तिम सम्ममा हुने आय-व्ययको संशोधित अनुमान तथा आगामी आर्थिक वर्षको योजना तथा कार्यक्रम र आय-व्ययको अनुमानित विवरण सभामा पेश गरी १५ दिन भित्र छलफल सम्पन्न गरी आषाढ मसान्त भित्र नै पारित गर्नुपर्ने व्यवस्था छ । यस गाउँपालिकामा गाँउसभाले चालु आर्थिक वर्षको आय-व्ययको अनुमान र आगामी आर्थिक वर्षमा संचालन हुने योजना तथा कार्यक्रम र आय-व्ययको अनुमानित विवरण मिति २०७५।३।१० गते गाउँसभा समक्ष पेश गरेकोमा २०७५।३।२८ मा गाउँसभाबाट स्वीकृत भएको छ । | |
| ५ | **कोष -** गाउँपालिकाले निम्नानुसारका २ वटा कोषहरुको स्थापना गरेको छ । जसको आम्दानी खर्च र बाँकीको विवरण निम्नानुसार रहेको छ । स्थापना गरेका कोषहरुमा सञ्चित कोषबाट रकम विनियोजन गरेको छ । तर उक्त कोषहरुको सञ्चालनको लागि छुट्टै खाता खोलेको गाउँपालिकाले जनाएको छ । कोष स्थापना गर्नको लागि विपत व्यवस्थापन कोषको मात्र सञ्चालन कार्यविधि तयार गरेको छ । यद्यपि छात्रवृत्तिकोषको सञ्चालन कार्यविधि तयार गरेको छैन । कार्यविधि तयार नगरी यस्तो कोषमा वित्तीय समानीकरणबाट रकम राख्न नपाइने व्यवस्था रहेको छ । तसर्थ सञ्चालन कार्यविधि तयार गरेर मात्र कोष व्यवस्थित रुपमा सञ्चालन गर्नुपर्दछ । | |

**रु.हजारमा**

| क्र.सं. | विवरण | जिम्मेवारी | आम्दानी | जम्मा | फिर्ता/ खर्च | वाँकी | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | छात्रवृत्ति कोष | ७,०० | ७१ | ७,०० | - | ७,७१ | व्याज आम्दानी समेत |
| २ | विपद व्यवस्थापन कोष | - | १०,०० | १०,०० | - | १०,०१ | |

| | | |
|---|---|---|
| ६ | **श्रोत अनुमान तथा बजेट सिमा -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम गाउँपालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ४ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, सन्तुलित वितरणमा बजेट सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्राथमिकीकरण, बजेट तर्जुमा मार्गदर्शन गर्नुपर्ने र कार्यपालिकामा पेश गर्ने कानुनी व्यवस्था रहेको छ । सो अनुरुप समितिले कार्य गरेको छ । साथै सम्भाव्य स्रोतको वस्तुनिष्ठ आंकलन गरी बजेट तर्जुमा गर्न समितिले प्रभावकारी भूमिका खेल्नुपर्दछ । | |
| ७ | **खर्च गर्ने अख्तियारी र कार्यविधि -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७३ बमोजिम सभाबाट बजेट स्वीकृत भएको सात दिन भित्र प्रमुख वा अध्यक्षले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्ने व्यवस्था छ । आर्थिक वर्ष २०७५।६५ को आय व्ययको प्रक्षेपण २०७५।३।२८ मा सभावाट स्वीकृत भएको छ । ऐनको उल्लिखित व्यवस्था अनुसार गाउँपालिका अध्यक्षले प्रमुख प्रशासकीय अधिकृतलाई २०७५।४।१ मा अख्तियारी दिएको पाइयो । | |
| ८ | **योजना तर्जुमा** - स्थानीय तहले आफ्नो अधिकार क्षेत्रभित्र रही आर्थिक अधिकार सम्बन्धी विषयमा कानून बनाउने, वार्षिक बजेट बनाउने, निर्णय गर्ने, नीति तथा योजना तयार गर्ने र त्यसको कार्यान्वयन गर्ने व्यवस्था छ । वार्षिक योजना र बजेट तर्जुमा गर्नु पूर्व स्थानीय तहको भौगोलिक, सामाजिक, आर्थिक तथा पूर्वाधार लगायतका क्षेत्रको यथार्थ स्थिति देखिने गरी वस्तुगत विवरण (स्थानीय तहको प्रोफाइल) तयार गरेको र सार्वजनिक गरेको देखिँदैन । योजना तर्जुमा, कार्यान्वयन, अनुगमन र लाभको हिस्सेदारीमा स्थानीय समुदायको सहभागिता सुनिश्चित हुने गरी योजना तर्जुमा प्रणाली सुदृढ हुन सकेको छैन । त्यसैगरी साना, मझौला, ठूला पूर्वाधार क्षेत्रहरुको सम्भाव्यता अध्ययन गरी दीर्घकालीन सोच सहितको | |

| | | |
|---|---|---|
| | योजना तयार गरी बजेट व्यवस्थापन गरेको पाइएन । तसर्थ दिगो विकासको अवधारणा अनुरुप बजेट तयारी र सोको कार्यान्वयन गर्नुपर्दछ । | |
| ९ | **बैंक हिसाब -** गाउँपालिकाको श्रेष्ता र बैंक हिसाव एक आपसमा भिडान गर्नुपर्दछ । गाउँपालिकाले यस वर्षको अन्तिम बैंक मौज्दात रु.२,५९,२०,१७८।१० कायम गरेको छ । यस वर्ष नगद मौज्दात रहेको छैन । वर्षान्तमा साटिन बाँकी चेकको विवरण खुल्नेगरी गाउँपालिकाले बैंक हिसाव विवरण तयार गरेको छैन । अतः बैंक हिसाव तयार गरी हिसाव यकिन गर्नुपर्दछ । | |
| १० | **घटी जिम्मेवारी** - आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४५ वमोजिम आय व्यय ठिक सँग भएको र लेखाकंन गरेको कुरामा विश्वस्त हुनुपर्ने र घटी जिम्मेवारी सार्न नहुने व्यवस्था छ । यस गाउँपालिकाको गत आर्थिक वर्षको लेखापरीक्षण प्रतिवेदनमा रु. ३,६८,८७,८७५।- जिम्मेवारी सार्नुपर्ने उल्लेख भएकोमा यस वर्ष सोही रकम जिम्मेवारी सारेको पाइयो । | |
| ११ | **आन्तरिक ऋण -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६८ बमोजिम गाउँपालिकाले वित्त आयोगको सिफारिसमा सम्बन्धित सभावाट स्वीकृत गरी उत्पादनशील, रोजगारमुलक, आन्तरिक आयवृद्धि तथा पूँजीगत कार्यका लागि आन्तरिक ऋण लिन सक्ने व्यवस्था छ । यस गाउँपालिकाले ऋण लिएको पाइएन । | |
| १२ | **अबण्डा बजेट** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय-व्ययको अनुमान पेश गर्नुपर्ने व्यवस्था छ । यस गाउँपालिकाले तयार गरेको बजेट पुस्तिका अनुसार बजेट अवण्डा राखेको पाइएन । | |
| १३ | **संघीय सञ्चित कोष दाखिला -** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३३(क) मा खर्च हुन नसकी बाँकी रहेको सशर्त अनुदानको रकम कोष तथा लेखा नियन्त्रक कार्यालयमा फिर्ता गर्नुपर्ने व्यवस्था छ । यस पालिकाले संघीय सञ्चित कोषमा फिर्ता गर्नुपर्ने निम्नानुसारको सशर्त अनुदान निकासा रु. २,५५,५२,२१९।- मिति २०७६।३।३० मा फिर्ता गरेको छ । झोलुङ्गे पुल हेरालु तर्फको रु.३६,०००।- बाँकी रहेकोमा गाउँपालिकाले फिर्ता गरेको छैन । अतः उक्त रकम फिर्ता गर्नुपर्ने रु.. | ३६,०००/- |
| १४ | **आन्तरिक आय तथा राजस्व बाँडफाँड -** गाउँपालिकाले पेश गरेको आय व्ययको अनुमानमा आन्तरिक आय र राजस्व बाँडफाँडतर्फ रु.४ करोड ३५ लाख ८१ हजार आय प्राप्त हुने प्रक्षेपण गरेकोमा आन्तरिक आय रु.१०९७८७९२/- र राजस्व बाँडफाँड रु.३,६०,५७,०८८।१० गरी जम्मा रु.४,७०,३५,८८०।१० प्राप्त भएको छ । यस सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार रहेको छ : | |
| | • गाउँपालिकाले आन्तरिक आयको एकीकृत विवरण तयार गरेको छैन ।<br>• गाउँपालिकाले रसिद नियन्त्रण खाता समेत राखेको पाइएन ।<br>• गाउँपालिकाले नगदी रसिद छपाई गरी वडा सचिवलाई भरपाई गरि दिएको छैन ।<br>• वडाहरुले विगत वर्षमा गाउँपालिकाले छपाएर बाँकी रहेको रसिद प्रयोग गर्ने गरेको पाइयो । वर्षान्तमा बाँकी रहेका रसिदहरु नष्ट गर्ने वा अर्को वर्षको लागि जिम्मेवारी सार्ने गरेको पाइएन । एउटा वडाले एउटै नम्वर रहेका रसिदहरु प्रयोगमा ल्याएको पाइयो । जसले गर्दा नगदी रसिदको दुरुपयोग हुनसक्ने स्थिति रहेको छ ।<br>• यर्सागुम्वा संकलन अनुमतिको लागि प्रयोग गरिने राजस्वको मात्र अभिलेख राखेको छ ।<br>• राजस्वको लेखा तोकिए बमोजिम दोहोरो श्रेष्ता प्रणालीमा राखेको पाइएन ।<br>• केही वडाहरुले विभिन्न मितिमा आम्दानी गरेको राजस्व वर्षान्तमा मात्र राजस्व खातामा दाखिला गरेको पाइयो । | |

| | | |
|---|---|---|
| | तसर्थ आन्तरिक आम्दानी यकिन गर्न गाउँपालिकाले छानवीन गर्नुपर्दछ । यसर्थ यार्सागुम्बा संकलन र बेरुजु रकम दाखिला बाहेक अन्य आन्तरिक आयको हिसाव यकिन गर्न नसकिएको रु. | ४,१७,६२०/- |
| १५ | गाउँपालिकाले आन्तरिक आम्दानी बढाउनको लागि पार्क, खेलमैदान, कर्भडहल, भ्यू टावर, मनोरन्जन स्थल, साहसिक पर्यटकीय स्थलहरुको पहिचान एवं निर्माण जस्ता क्षेत्रहरुको पहिचान गर्नुपर्दछ । आन्तरिक आय नै स्थानीय तहको स्थायित्वको आधार स्तम्भ भएको हुँदा नयाँ स्रोतहरुको खोजी गर्दै स्थानीय जनतालाई बोझ नहुने गरी आन्तरिक आयको आंकलन र संकलन गर्नुपर्दछ । त्यसतर्फ गाउँपालिकाको ध्यान जानुपर्दछ । | |
| १६ | यस गाउँपालिकाको राजस्व आम्दानीको प्रमुख स्रोत यार्सागुम्बा संकलन अनुमति प्रदान गरेको पाइयो । यस कार्यको लागी जिल्लावासी नागरिकलाई रु. २,०००।- र गैर जिल्लावासी नागरिकलाई रु.२,५००।- का दरले अनुमति शुल्क लगाएको छ । आ.व. २०७५।७६ मा गाउँपालिकाले रु. २,०००।- दरका ३००० वटा रसिद छपाई गरेकोमा जम्मा २४४७ वटा खर्च भइ रु.४८,९४,०००।- र रु. २,५००।- दरका ३००० वटा रसिद छपाई गरेकोमा जम्मा २०२४ वटा खर्च भइ रु.५०,६०,०००।- गरी जम्मा रु.९९,५४,०००।- आम्दानी गरेको छ । सो मध्ये कार्यालयले गो.भौ.नं. ३२ र ३२(क) मार्फत रु.९९,४९,५००।- दाखिला गरेको पाइयो । जसले गर्दा रु.४,५००।- कम राजस्व दाखिला भएको छ । बाँकी रकम लेखापरीक्षणको क्रममा असुली भएको छ । | |
| १७ | **आन्तरिक नियन्त्रण प्रणाली -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले आफ्नो कार्यालयवाट सम्पादन गरिने कार्य मितव्ययी, प्रभावकारी, नियमितता र दक्षतापूर्ण ढंगबाट सम्पादन गर्न र वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनीय बनाउन तथा प्रचलित कानून वमोजिम कार्य सम्पादन गर्न आ-आफ्नो कामको प्रकृतिअनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयनमा ल्याउनुपर्ने व्यवस्था छ । गाउँपालिकाले आन्तरिक नियन्त्रण सम्वन्धि निर्देशिका तयार गरेको छैन । नियन्त्रण प्रणालीको अभावमा आर्थिक कारोबार सम्पादन र वित्तीय प्रतिवेदनलाई विश्वसनीय बनाउने कार्यमा बाधा पर्ने देखिन्छ । कार्यलाई प्रभावकारी, नियमित र दक्षतापूर्ण ढंगबाट सम्पादन गरी उत्तम नतिजा लिन तत्काल आन्तरिक नियन्त्रण प्रणाली सम्वन्धि निर्देशिका तयार गरी कार्यान्वयनमा ल्याउनु पर्दछ । गाउँपालिकाको आन्तरिक नियन्त्रण प्रणाली परीक्षण गर्दा निम्नानुसार देखिएको छ : | |
| | • कतिपय कारोबारहरु मूल्य अभिवृद्धि कर बेगरका फर्मसँग गरेको छ ।<br>• गाउँपालिका क्षेत्र भित्र कोष प्रमाणित तथा भ्रमण प्रतिवेदन बेगर अनुगमन तथा दैनिक भ्रमण भत्ता खर्च लेखेको छ ।<br>• सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम बार्षिक खरिद योजना तयार गरेको छैन ।<br>• चौमासिक रुपमा वार्षिक कार्यक्रम स्वीकृत गरी सोही बमोजिम चौमासिक रुपमा लक्ष्य तोकी बजेट विनियोजन गरेको छैन ।<br>• सुशासन सञ्चालन (कार्यविधि नियमावली), २०६५ मा हरेक सार्वजनिक निकायले नागरिक बडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिति अनुगमन गर्न अनुगमन संयन्त्र तर्जुमा गर्नुपर्ने व्यवस्था रहेकामा त्यस्तो संयन्त्र तर्जुमा गरेको पाइएन ।<br>• आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ (८) खर्च भएका सबै बिल भरपाईहरुमा सिलसिलेवार नम्बर राखी अधिकार प्राप्त अधिकारीबाट प्रमाणित गरी भुक्तानी भएको जनाउने छाप लगाउने गरेको पाइएन ।<br>• भ्रमण खर्च नियमावली, २०६४ को नियम २१ बमोजिम भ्रमण अभिलेख खाता राखेको पाइएन । साथै अधिकांश भ्रमणमा जानेबाट भ्रमण प्रतिवेदन लिने गरेको समेत देखिएन<br>• समयमै पेश्की फछ्र्यौट हुने गरेको पाइएन । | |

| | | |
|---|---|---|
| | ● गाउँपालिकाले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरेको छैन । | |
| १८ | **सेवा प्रवाह -** स्थानीय तहको अधिकार सम्बन्धी व्यवस्था कार्यान्वयन गर्न संघ, प्रदेश र स्थानीय तहबीचको सहकारीता, सहअस्तित्व र समन्वयलाई अगाडि बढाई जनसहभागिता, उत्तरदायित्व, पारदर्शीता सुनिश्चित गरी शुलभ र गुणस्तरीय सेवा प्रदान गर्ने दायित्व सम्बन्धित गाउँपालिकामा रहेको छ । गाउँपालिकामा दरबन्दी अनुसार कर्मचारी नभएको कारण जनशक्तिको अभाव, कार्यालय भवन लगायतका पूर्वाधारको अभावमा सेवा प्रवाह प्रभावकारी हुन सकेको छैन । निर्वाचित पदाधिकारीबाट ५ वर्षे कार्ययोजना समेत बनाउन नसकेको स्थिति छ । सभाबाट स-साना टुक्रे धेरै योजना पारित हुने, पारित योजनाहरु कार्यान्वयन नगरी योजनाको रकम अन्य शीर्षकमा रकमान्तर गर्ने, अनुत्पादक खर्च र वितरणमा ध्यान केन्द्रीत गर्ने, खर्च तथा खरिद प्रक्रियामा पदाधिकारी संलग्न रहने, दीगो योजना नबनाउने, लगायतका समस्याका कारण प्रभावकारी सेवा प्रवाह हुन नसकेको अवस्था छ । गाउँपालिकाले सेवाग्राहीबाट सेवा सन्तुष्टि मूल्याङ्कन गर्ने व्यवस्था अवलम्बन गरेको देखिएन । भौगोलिक कठिनाईले समेत सेवा प्रवाहमा असर पारेको अवस्था छ । कार्यको प्राथमिकीकरण हुन नसक्दा स्थानीय तह आफैले गर्ने, निजी क्षेत्रले गर्ने, साझेदारीमा गर्ने र नागरिक संस्था मार्फत गराउने कार्यहरुको पुनरावलोकन नहुँदा सेवा प्रवाह अपेक्षा अनुरुप हुन सकेको छैन । | |
| १९ | **सामाजिक लेखापरीक्षण -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम हरेक स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक परीक्षण, सामाजिक परीक्षण तथा सार्वजनिक सुनुवाई जस्ता कार्यक्रम सञ्चालन गरी वित्तीय जवाफदेहितालाई प्रभावकारी बनाउने व्यवस्था छ। गाउँपालिकाले २०७५।१२।२८ मा र २०७६।३।२० मा गरी दुई पटक सार्वजनिक सुनुवाई गरेको छ । यद्यपी सञ्चालित योजना सूचना पाटी, आय-व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा यस गाउँपालिकाले सञ्चालित अधिकांश योजनामा सार्वजनिक परीक्षण गरेको पाइएन । जसले गर्दा ऐनको पूर्ण पालना नभएको स्थिति छ । नियममा भएको व्यवस्था कडाईकासाथ पालना गर्नुपर्दछ । | |
| २० | **लक्ष्य प्रगतिको स्थिति -** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २४ मा चौमासिक प्रगति विवरण पेश गर्ने व्यवस्था छ । गाउँपालिकाले सञ्चालन गरेका जिल्ला स्तरीय तथा केन्द्रीय स्तरीय आयोजनामध्ये सबै आयोजनाको उपर्युक्त नियम बमोजिम अनुसूची-२ बमोजिमको ढाँचामा प्रगति प्रतिवेदन तयार गरेको छैन । प्रगति प्रतिवेदन तयार नहुँदा गाउँपालिकाको वार्षिक लक्ष्य प्रगतिको मूल्यांकन गर्न सकिएन । गाउँपालिकाबाट विषयगत कार्यक्रमहरु शिक्षा, स्वास्थ्य, पशु, कृषि आदिको वर्षको शुरुमा कार्यक्रम तयार गरेको छैन । त्यसैगरी वर्षान्तमा कार्यक्रमको प्रगति समेत तयार गरेको छैन । जसले गर्दा गाउँपालिकाबाट सञ्चालित कार्यक्रमको प्रभावकारिता मापन गर्न सकिएन । तसर्थ गाउँपालिकाले भएका योजनाहरुको यथार्थ अवस्था झल्कने गरी प्रगति प्रतिवेदन तयार गर्नुपर्दछ । न्यून प्रगतिको कारण पत्ता लगाई आगामी दिनमा शत प्रतिशत प्रगति हासिल गर्नेतर्फ गाउँपालिकाले पहल गर्नुपर्ने देखिन्छ । | |
| २१ | **योजनागत लक्ष्य प्रगति -** गाउँपालिकाको २०७४।३।३० को सभावाट आर्थिक वर्ष २०७४।७५ मा आन्तरिक श्रोत तथा वित्तीय समानीकरण अनुदान समेतबाट ९ वडामा गाउँस्तरीय तथा वडा स्तरीय योजना (आर्थिक, सामाजिक, पूर्वाधार, प्रकोप, लक्षित वर्ग) निर्धारण गरेकोमा निम्न स्थिति देखिन्छ : | |
| | ● गत वर्षका बाँकी योजना १६ वटा ।<br>● यसवर्षका जम्मा योजना ८५ वटा (गाउँपालिका स्तरीय ४८ र वडा स्तरीय ३७) ।<br>● सम्पन्न भएका योजना ९३ वटा ।<br>● बाँकी ८ वटा । | |

यसरी यस वर्ष गाउँपालिकाले १०१ वटा योजना कार्यान्वयन गरेको छ। सो मध्ये ५ लाखभन्दा कमका १६ वटा योजनाहरु रहेका छन्। योजना संख्या धेरै बनाउँदा न्यून बजेट विनियोजन हुने, प्राविधिक चेकजाँच गर्न कठिनाई हुने, गुणस्तर कायम गर्न नसकिने र गाउँपालिकाको समग्र कार्यसम्पादन स्थिति नै कमजोर हुन जान्छ । तसर्थ योजना समयमै सम्पन्न गर्ने र आवश्यकताको आधारमा पहिचान गरी कार्यान्वयनमा ल्याउन विशेष ध्यानाकर्षण गरिएको छ ।

२२ **पूँजीगत चौमासिक खर्च -** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यक्रम तथा कार्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले उपलव्ध गराएको विवरण अनुसार चौमासिक खर्चको स्थिति देहाय बमोजिम छ :

**रु.हजारमा**

| क.सं. | ब.उ.शि.नं. | कूल खर्च | कुल खर्च | | | आषाढ महिनाको खर्च |
|---|---|---|---|---|---|---|
| | | | प्रथम चौमासिक | दोस्रो चौमासिक | तेस्रो चौमासिक | |
| १ | पूँजीगत | ७९५२९ | ४७५२ | २३५०१ | ५१२७५ | ३७१९८ |
| | **प्रतिशत** | **१००** | **६** | **३०** | **६४** | **४७** |

तालिका अनुसार कुल खर्चमध्ये प्रथम चौमासिकमा ६ प्रतिशत, दोश्रो चौमासिकमा ३० प्रतिशत र तेस्रो चौमासिकमा ६४ प्रतिशत खर्च भएको देखिन्छ। त्यसैगरी आषाढ महिनामा मात्र ४७ प्रतिशत खर्च भएको छ। यसरी यस गाउँपालिकाको कुल बजेट खर्च मध्ये अधिकांश बजेट खर्च अन्तिम चौमासिक र त्यसमध्ये पनि आषाढ महिनामा भएको देखिन्छ । जसले गर्दा समय अभाव, तथा वर्षातको कारणले गुणस्तर युक्त कार्य हुन नसक्ने अवस्था सिर्जना हुने भएकाले अन्तिम चौमासिक र आषाढ महिनामा मात्र अधिकांश बजेट खर्च गर्ने प्रवृतिमा सुधार गर्नुपर्ने देखिन्छ ।

२३ **कर्मचारी व्यवस्था -** निजामती सेवा ऐन, २०४९ बमोजिम कर्मचारी पदपुर्ति र व्यवस्थापन गर्नुपर्ने व्यवस्था छ। गाउँपालिकाबाट प्राप्त विवरण अनुसार कर्मचारी दरवन्दी र पदपूर्ति विवरण अनुसार गाउँपालिकाको स्वीकृत दरबन्दी मध्ये करारका कर्मचारी सहित ४२ पद पूर्ति भई २५ पद रिक्त रहेको छ । सहायक पाँचौ २ जना, सहायक चौथो ९ जना र कार्यालय सहयोगी ७ जना गरी जम्मा १८ जना कर्मचारी करारमा लिइएको छ। इन्जिनियर १ जना, अधिकृत २ जना, सहायक पाँचौ १३ जना र सहायक चौथो ९ जना गरी जम्मा २५ वटा पद रिक्त रहेको छ । करारमा नियुक्त गर्दा गाउँपालिकाको खर्चमा वृद्धि हुने हुँदा आवश्यक संख्यामा औचित्य खुलाएर मात्र आन्तरिक पदपूर्ति गर्नुपर्दछ। यसैगरी नागरिकहरुसँग प्रत्यक्ष रुपमा दैनिक सेवा प्रदान गर्ने गाउँपालिकामा स्थायी कर्मचारी अभाव हुँदा सेवा प्रवाहमा नकारात्मक असर पर्ने हुँदा तत्काल पदपूर्ति गर्नेतर्फ सम्वन्धित निकायको ध्यान जानुपर्ने देखिन्छ।

२४ **न्यायिक समिति** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ। समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका उजुरीको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ भने अन्य उजुरी सम्बन्धमा अवधि किटान गरेको छैन । यस गाउँपालिकाबाट प्राप्त विवरण अनुसार २ वटा उजुरी परेकोमा दुबै उजुरी फछ्र्यौट भएको पाइयो। न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउने कार्यलाई निरन्तरता दिनुपर्दछ।

२५ **नक्सा पास -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २७(१) अनुसार कसैले पनि गाउँपालिकाबाट नक्सा पास नगराई भवन निर्माण गर्न नहुने व्यवस्था छ । तर यस वर्ष गाउँपालिकामा नक्सा पास सम्बन्धी काम-कारबाही भएको छैन । त्यसैले तोके बमोजिम संरचना निर्माण गर्नुपूर्व गाउँपालिकाबाट त्यसको नक्सा पास गर्ने व्यवस्थाको कार्यान्वयनमा ध्यान दिनुपर्दछ।

२६ **भ्रमण किफायती नभएको -** भ्रमण खर्च नियमावली, २०६४ को नियम (१) अनुसार सरकारी खर्चमा भ्रमण गर्ने पदाधिकारी वा कर्मचारीले सम्भव भएसम्म भ्रमणलाई किफायती र कम

| | | |
|---|---|---|
| | खर्चिलो बनाउनु पर्ने उल्लेख छ । तर गाउँपालिकाले नियम १९ अनुसार दूरी प्रमाणित बेगर गाउँपालिका भित्र समेत कर्मचारी विभिन्न नाममा काजमा खटाउने गरेको र भ्रमणमा खटिने पदाधिकारी तथा कर्मचारीलाई वास्तविक काम र सोमा लाग्ने समयको आंकलन नगरी काज स्वीकृत गरी सो अनुसार दैनिक भ्रमण भत्ता भुक्तानी गर्ने गरेको छ। जसबाट गाउँपालिकालाई अनावश्यक व्ययभार पर्ने तथा आर्थिक अनुशासनको पक्ष समेत कमजोर हुँदै जाने तर्फ जिम्मेवार पदाधिकारीहरुले तत्काल ध्यान दिई यस्तो प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ । साथै पदाधिकारीले भ्रमण खर्च फरफारक गर्ने समयमा भ्रमण प्रतिवेदनमा भ्रमणको उपलब्धि र उक्त भ्रमणले स्थानीय तहलाई पारेको सकारात्मक पक्षलाई उजागर गर्ने गरेको पाइएन । | |
| २७ | **कानून निर्माण र कार्यान्वयन -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार गाउँपालिकाले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम निर्देशिका, कार्यविधि र मानदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ। यस व्यवस्था अन्तर्गत लेखापरीक्षण अवधिमा गाउँपालिकाले तर्जुमा गरेका निम्न कानूनहरु राजपत्रमा प्रकाशित भई कार्यान्वयनमा आएका छन् । संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट प्राप्त नमुना कानूनको आधारमा कानूनहरु तयार गरेको पाइयो । | |

| क्र.सं. | कार्यविधिको नाम | राजपत्रमा प्रकाशित मिति |
|---|---|---|
| १. | उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन कार्यविधि | २०७५/८/१२ |
| २. | विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन | २०७५/८/१२ |
| ३. | आर्थिक कार्यविधि | २०७५/८/१२ |
| ४. | कार्य सम्पादन नियमावली | २०७५/८/१२ |
| ५. | कार्यविभाजन नियमावली | २०७५/८/१२ |
| ६. | स्थानीय राजपत्र प्रकाशन सम्बन्धी कार्यविधि | २०७५/८/१२ |
| ७. | प्रशासकीय कार्यविधि | २०७५/८/१२ |

| | | |
|---|---|---|
| २८ | **सामाजिक सुरक्षा कार्यक्रम** - नेपाल सरकारले जेष्ठ नागरिक, विधवा, पूर्ण अपाङ्ग, एकल महिला, बालबालिका, लोपोन्मुख/आदिवासी जनजाति समेतलाई सामाजिक सुरक्षा भत्ता उपलब्ध गराउँदै आएको छ । गाउँपालिकाले उपलब्ध गराएको आर्थिक विवरण अनुसार सामाजिक सुरक्षा भत्तामा यो वर्ष रु.३ करोड २५ लाख ५ हजार खर्च भएको छ । यस सम्बन्धमा देखिएका व्यहोरा निम्न छन् : | |
| २८.१ | सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ मा सुविधा उपभोग गर्न इच्छुक र योग्य नागरिकले अनिवार्य रुपमा परिचयपत्र लिनुपर्ने व्यवस्था रहेको छ । यसैगरी परिचयपत्र प्राप्तिका लागि अनुसूचीहरुमा तोकिएको ढाँचामा फारामहरु गाउँपालिकाले निःशुल्क उपलब्ध गराउने, साविकमा परिचयपत्र लिएका व्यक्तिहरुको नवीकरण गर्नुपर्ने, परिचयपत्र वितरण नगरी भत्ता बितरण गर्न नहुने, भत्ता वितरण गर्दा सम्बन्धित व्यक्तिलाई मात्र वितरण गर्नुपर्ने र अन्य व्यक्तिलाई वितरण गरेको पाइएमा वितरण गर्ने र रकम बुझ्ने दुबैलाई प्रचलित कानून बमोजिम कारबाही हुने जस्ता विषयहरु उल्लेख गरिएको छ । भत्ता वितरण भरपाई परीक्षण गर्दा अधिकांश लाभग्राहीको परिचयपत्र नम्बर उल्लेख गरिएको पाइएन । परिचय पत्र नम्वर उल्लेख नगरी भुक्तानी गर्दा वितरित भत्ता प्राप्त गरे नगरेको यकिन गर्न नसकिने हुँदा यसतर्फ गाउँपालिकाको ध्यान जानुपर्दछ । | |
| २८.२ | यसैगरी सोही कार्यविधिमा प्रत्येक गाउँपालिकाले सामाजिक सुरक्षा भत्ता/वृत्ति प्राप्त गर्न योग्य भएका सबै लक्षित समूहले नयाँ परिचयपत्रका लागि दिएका निवेदन उपर छानबिन गरी परिचयपत्र प्रदान गर्नका लागि सिफारिस गर्न तथा सामाजिक सुरक्षा कार्यक्रमको रकम प्रवाहको स्थानीयस्तरमा अनुगमन गर्न गाउँपालिकाको उपाध्यक्षको संयोजकत्वमा ९ सदस्यीय स्थानीय स्तरको अनुगमन तथा सुपरीवेक्षण समिति गठन गर्नुपर्ने व्यवस्था छ। उक्त समितिले सामाजिक सुरक्षा वितरणका सम्पूर्ण पक्षहरुको अनुगमन गर्ने, लाभग्राहीसँग प्रत्यक्ष रुपमा भेटघाट गरेर सोको अवस्था अध्ययन गरी देखिएका व्यहोरा समेत उल्लेख गरी चौमासिक | |

| | | |
|---|---|---|
| | रुपमा अध्यक्ष समक्ष प्रतिवेदन प्रस्तुत गर्नुपर्नेमा सो अनुसार अनुगमन तथा सुपरीवेक्षण गरेको र प्रतिवेदन पेश गरेको पाइएन । अतः यसतर्फ गाउँपालिकाको ध्यानाकृष्ट गरिएको छ । | |
| २८.३ | गाउँपालिकाले सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुको विवरण एमआइएस मा प्रविष्ट गरेको छैन । त्यसैगरी सामाजिक सुरक्षा भत्ता प्राप्त गर्नेको मूल अभिलेख तयार नगरेको, भत्ता पाउनेहरुको विवरण वार्षिक रुपमा नवीकरण गराई अद्यावधिक नगरेको, सामाजिक सुरक्षा वितरणको भरपाईमा भत्ता प्राप्त गर्नेको जन्ममिति, नागरिकता नम्बर, परिचय पत्र नम्बर उल्लेख नगरेको, अघिल्लो किस्ताको रकम वितरण गरेको भरपाई पेश नगरी पुनः अर्को किस्ता रकम वितरण गरेको पाइयो । अतः यसरी सामाजिक सुरक्षा भत्ता वितरणको सम्वन्धमा यकिन गर्न गाउँपालिकाले छानवीन गर्नुपर्ने देखिन्छ । | |
| २८.४ | सामाजिक सुरक्षा भत्ता वितरणको भरपाई नमुना छनौट गरी परीक्षण गर्दा प्रथम चौमासिकको बालबालिकालाई वितरण भएको वाल पोषण भत्ताको भरपाई नमुना छनौट गरी परीक्षण गर्दा वडा नं. १, २, ४, ५, ६ र ७ मा बालपोषण भत्ता रु. ३४,६००।-, गत वर्षको दोस्रो चौमासिकमा वडा नं.२ र ५ को रु. ८,४००।-, तेस्रो चौमासिकमा वडा नं. २ मा रु. १२,०००।- बढी भुक्तानी भएको लेखापरीक्षणको क्रममा असुली भएको छ । त्यसैगरी वडा नं. ८ को तेस्रो चौमासिकतर्फ कर्णाली जेष्ठ नागरिक, एकल महिला र जेष्ठ नागरिकमा बढी भुक्तानी भएको रु. १६,०००।- असुली भएको छ । बालपोषण भत्ता वितरण गर्दा ५ वर्ष उमेर पुगेका बालबालिकालाई भत्ता वितरण भएको र अन्य भत्ता वितरण गर्दा भरपाईमा दस्तखत नभएको पाइयो । यसर्थ वितरण गर्दा उचित सतर्कता र ध्यान दिनुपर्दछ । | |
| २८.५ | सामाजिक सुरक्षा तर्फ देहायका वडाहरुको बालपोषण भत्ता वितरणको भरपाई परीक्षण गर्दा भरपाईमा बालबालिकाको जन्ममिति उल्लेख गरेको पाइएन । तसर्थ उक्त रकम वितरणको सम्बन्धमा लेखापरीक्षणबाट यकिन गर्न सकिएन । वितरण गरिएको भत्तामा भत्ता प्राप्त गर्नेको जन्ममिति स्पष्ट रुपमा उल्लेख गरी पेश गर्नुपर्ने रु.. | ७,६८,०००/- |

| वडा नं. | किस्ता | वालपोषण भत्ता |
|---|---|---|
| १ | दोस्रो | २,४३,२००.०० |
| ७ | दोस्रो | २,४३,२००.०० |
| ८ | दोस्रो | २,८१,६००.०० |
| | **जम्मा** | **१६८,००६.००** |

| | | |
|---|---|---|
| | **व.उ.शी.नं. ३६५८०९४ (झोलुङ्गे पूल क्षेत्रगत निकासा) तर्फ** | |
| २९ | **टिसीटापु सामुदायिक झोलुङ्गे पूल -** यस गाउँपालिकाको वडा नं. ५ मा पर्ने यस पूलको सम्झौता २०७४।१२।२३ मा भएकोमा गाउँपालिकाले तयार गरेको कार्यसम्पन्न प्रतिवेदन अनुसार रु.३९,८२,८८५।- मा सम्पन्न भएको छ । यस गाउँपालिकाले गो.भौ. नं. १।२०७५/११/२३ बाट रु. ५,००,०००।- पेश्की दिएकोमा गो.भौ.नं. ६-२०७६/२/७ बाट अन्तिम विल वापत रु. १९,९८,८९०।- मा रु. पेश्की रु. ५,००,०००।- पेश्की कट्टा गरी बाँकी रु. १३,९८,८९०।- भूक्तानी भएको छ । साविकमा जिल्ला समन्वय समितिबाट सम्झौता भएकोमा उक्त कार्यालयबाट हस्तान्तरण भई आएको गाउँपालिकाले जनाएको छ । हस्तान्तरण भएको यस पूलको लागत अनुमान, खरिद सम्झौता लगायतका कागजात सहितको फाइल गाउँपालिकामा रहेको छैन । जिल्ला समन्वय समितिबाट उक्त कागजात सहितको फाइल पठाउनको लागि बारम्बार पत्राचार गर्दा समेत प्राप्त नभएको गाउँपालिकाले जनाएको छ । अतः गाउँपालिकाले पूलका सम्पूर्ण कागजात प्राप्त भएपश्चात मात्र स्वामित्व स्वीकार गर्नुपर्नेमा विना कागजात समेत निर्माण गराई भुक्तानी गरेको पाइयो । यसतर्फ गाउँपालिकाको ध्यानाकृष्ट गरिन्छ । | |
| ३० | **चेजाङफु सामुदायिक झोलेङ्ग पूल -** जिल्ला समन्वय समितिबाट सम्झौता भएको यस पूलको अन्तिम बिल भुक्तानी गाउँपालिकाले गो.भौ.नं. ८।२०७६-२-१३ बाट रु. १३,६५,७४०।- मा गाउँपालिकाबाट नै दिइएको पेश्की रु.४,००,०००।- कट्टा गरी भूक्तानी गरेको छ । | |

गाउँपालिकाले तयार गरेको कार्यसम्पन्न प्रतिवेदन अनुसार निर्माण कार्य २०७६।१।३० मा सम्पन्न भएकोमा जम्मा कार्य रु.३०,२७,२०२।- को भएको देखिन्छ । यस पूलको पनि सक्कल फाइल गाउँपालिकामा रहेको छैन । सक्कल फाइल माग गरि गाउँपालिकामा राख्नुपर्दछ ।

३१ **प्रधानमन्त्री रोजगार कार्यक्रम** - प्रधानमन्त्री रोजगार कार्यक्रमको लेखापरीक्षण गर्ने क्रममा देखिएका व्यहोरा देहायबमोजिम छन् :

३१.१ प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत यस गाउँपालिकालाई सामाजिक सुरक्षा खर्च रु. २३,००,०००/- लगायत रोजगार संयोजकको तलव, अफिस व्यवस्थापन समेत गरी जम्मा रु.२८,०७,०००/- निकासा प्राप्त भएकोमा आ.व.को अन्त्यसम्ममा गाउँपालिकाले रु.२४,०२,९३९/- खर्च गरेको पाइयो । खर्चको आधारमा गणना गर्दा यस कार्यक्रमको प्रगति ८५ प्रतिशत रहेको छ ।

३१.२ यस कार्यक्रम अन्तर्गत गाउँपालिकाले वडा नं. ३ बाहेकका ८ वटा वडाहरुमा स्थानीय गोरेटो बाटो निर्माणको कार्य गरेको पाइयो । यस कार्यक्रममा संलग्न कामदार संख्या, बजेट खर्च तथा कार्यदिन देहायबमोजिम रहेको छ:

| वडा नं. | सहभागी संख्या | जम्मा कार्य दिन | जम्मा बजेट खर्च |
|---|---|---|---|
| १ | २२ | ३३० | १,६८,५०९/- |
| २ | १५ | ४५० | २,३२,६५०/- |
| ३ | ० | ० | ० |
| ४ | १९ | २८५ | १,५५,१००/- |
| ५ | ३० | ४५० | १,५५,१००/- |
| ६ | १९ | २८५ | १,३९,५९०/- |
| ७ | १४ | ४२० | २,१७,१४०/- |
| ८ | २४ | ३६० | १,८६,१२०/- |
| ९ | ३० | ४५० | २,३२,६५०/- |
| **जम्मा** | **१७३** | **३०३०** | **१४,८६,८५९/-** |

३१.३ प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनको लागी नेपाल सरकारबाट नियुक्त हुने रोजगार संयोजक यस गाउँपालिकामा हाजिर भएको पाइएन । गाउँपालिकाकै नायव सुब्बा मार्फत यो कार्यक्रम सञ्चालन भएको पाइयो ।

३२ **बहुक्षेत्रीय पोषण कार्यक्रम** - यस कार्यक्रम अन्तर्गत रु १२,३५,०००।- बजेट प्राप्त भएकोमा रु ९,५७,८२५।- खर्च भएको छ । यस सम्बन्धमा देखिएको व्यहोरा निम्नानुसार छन् :

३२.१ यस कार्यक्रम अन्तर्गत पोषण सम्बन्धी नाटक कार्यक्रम, सुनौला हजार दिन सम्बन्धी कार्यक्रम, स्यानेटरी प्याड तयारी सम्बन्धी तालिम, कुखुरापालन तालिम, खानेपानी समूह गठन जस्ता कार्यक्रमहरु सञ्चालन गरेको छ । कार्यक्रमले सबै वडाहरुलाई समेट्न खोजेको देखिन्छ । यस कार्यक्रमको बजेट कम रहेको तर कार्यक्रम धेरै भएको सन्दर्भमा केही वडालाई मात्र दृष्टिगत गरी सञ्चालन गर्दा अझ प्रभावकारी देखिन्छ ।

३२.२ वडा नं. ७ र ८, ९, ५ र ६ सामुदायिक सँस्थाका सदस्यहरुलाई तीन स्थानमा MSNP कार्यक्रम अन्तर्गत पोषण सम्बन्धी जनचेतना जगाउन १ दिने अभिमुखिकरण कार्यक्रममा सहजकर्ता भत्ता वापत २ जनाको २ दिनको रु. १,४००।- का दरले रु.१६,८००।- भुक्तानी भएको छ । एक दिने कार्यक्रममा २ दिनको भत्ता भुक्तानी दिने कार्य मनासिव देखिदैन । अतः १ दिनको भत्ता असुल गर्नुपर्ने रु. ८,४००/-

३३ **गरिबसँग विश्वेश्वर कार्यक्रम –** गरिबसँग विश्वेश्वर कार्यक्रममा रु.५३,९४,०००।- बजेट विनियोजन भएकोमा पुरै रकम खर्च भएको पाइयो । यस कार्यक्रम अन्तर्गत गरिब घरधुरी अनुगमन गरी गरिब घरधुरीमध्ये २५० जनालाई २ वटा बाखाका दरले ५०० वटा बाखा र

| | | |
|---|---|---|
| | ५ जनालाई ५ वटा बोका वितरण गरेको छ। वितरण गरेका बाखा र बोकालाई ट्याग लगाई सम्बन्धित वडा अध्यक्ष, पार्टी प्रतिनिधीहरु, पत्राकार र नागरिक समाजको रोहवरमा वितरण गरेको छ । जसलाई सकारात्मक रुपमा लिन सकिन्छ । यद्यपी यस कार्यक्रममा अनुगमन वापत रु.२,९०,२५०।– खर्च भएको छ । यस्तो खर्चलाई आवश्यकतामा आधारित बनाउनुपर्दछ । साथै, मितव्ययीतामा समेत ध्यान दिई कार्यक्रम सञ्चालन गर्नुपर्दछ । | |
| | **स्थानीय निकाय सशर्त पूंजिगत अनुदान** | |
| ३४ | **लुम्सा खोला मोडुलर वेलिव्रिज निमार्ण** - वेलिव्रिज निर्माणको लागि रु. १,३२,३६,९१८।– को लागत अनुमान स्वीकृत भएकोमा निर्माण कार्यको लागि जलप रवि चक्र जे.भी. सँग रु.१,३०,४३,३५४।- (१.४६प्रतिशत घटी) मा २०७६।०१।१५ मा सम्झौता भएको पाईयो । सम्झौता अनुसार २०७६।०३।२५ सम्म सम्पन्न गर्नुपर्ने यस पूलको प्रथम रनिङ विल वापत गो.भौ.नं. ६।२०७६।०३।२९ बाट रु.१,०१,६०,७३५।- भुक्तानी भएको छ । तसर्थ पूल निर्माण कार्य सम्पन्न हुन सकेको छैन । निमार्ण कार्यको म्याद थप भएको छ। आर्थिक वर्ष २०७६।७७ मा यस पूलको लागि बजेट प्राप्त नभएमा निर्माणमा अवरोध आउने देखिन्छ । अतः बजेट प्राप्ति गरी निर्माण सम्पन्न गर्नुपर्दछ । | |
| ३५ | निर्माण व्यवसायी जलप रवि चक्र जेभीलाई दिइएको पेश्की मध्ये रु.१९,७६,१६२।– आर्थिक वर्षको अन्त्यसम्म पनि फछ्र्योट नभएको हुदाँ आर्थिक कार्यविधि नियमावली, २०६४ अनुसार पेश्की फछ्र्यौट गर्नुपर्ने रु.. | १९,७६,१६२/- |
| ३६ | **शिक्षा तर्फ** - यस गाउँपालिकामा प्रा.वि. १२ वटा, नि.मा.वि.४ वटा र मा.वि. १ वटा गरी १७ वटा विद्यालय रहेका छन् । त्यसैगरी १३ वटा विद्यालयमा पूर्व वाल विकास कक्षाहरु रहेकोमा कक्षा ३ सम्म पढाई हुने एकमात्र संस्थागत विद्यालय रहेको छ। यस गाउँपालिकाको शिक्षतर्फको लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार छन् : | |
| ३६.१ | आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४५ मा अधिकार प्राप्त अधिकारीले आय व्यय ठीक र विश्वसनीय रहेको तथा दोहोरो हुने गरी भुक्तानी भएको छैन भन्ने कुरामा ध्यान दिनु पर्ने उल्लेख छ। गाउँपालिकाले तोकिएको ढाँचामा विभिन्न विद्यालयलाई निकासा दिएको रकमको स्पष्ट विवरण खुल्ने गरी अभिलेख राख्नु पर्नेमा यथार्थ विवरण खुल्ने गरी विद्यालयगत निकासा अभिलेख राखेको छैन । जसबाट विद्यालयलाई वास्तविक रुपमा निकासा दिनु पर्ने र भुक्तानी दिएको रकम बारे यथार्थ विवरण प्राप्त गर्न कठिन हुने भएकाले विद्यालयगत निकासा रजिष्ट्रर खाता गरी राख्नु पर्दछ । | |
| ३६.२ | गाउँपालिकाले नयाँ नियुक्ति, सरुवा भइ आउने तथा रमाना हुने र अवकाश हुने शिक्षकहरुको व्यवस्थित अभिलेख राखेको नपाइएकोले तलब निकासाको यर्थार्थता एकिन गर्न सकिएन । | |
| ३६.३ | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार आफ्नो क्षेत्रभित्रका विद्यालयहरुको अनुगमन तथा व्यवस्थापन गर्ने जिम्मेवारी स्थानीय तहको रहने उल्लेख छ । स्थानीय तहबाट विद्यालयहरुको अनुगमन गरी प्रतिवेदन गरेको पाइएन । | |
| ३६.४ | सिकाई उपलब्धी विकास कार्यक्रम अन्तर्गत देहायका विद्यालयहरुमा प्रयोगशाला स्थापना र कम्प्युटर खरिद वापत रु. १६,५०,०००।- निकासा दिएको छ। उक्त विद्यालयहरुले प्रयोगशाला स्थापना गरेको तथा र कम्प्युटर खरिद गरी आम्दानी बाँधेको प्रमाण कागजात पेश नभएको रु. | ६,५०,०००/- |

| क्र.सं. | विद्यालयको नाम | रकम |
|---|---|---|
| १. | बुद्ध मा.वि. माङग्री | ६,५०,०००/- |

| | | |
|---|---|---|
| ३६.५ | **पोशाक भत्ता** - यस जिल्लामा कार्यरत शिक्षकहरुका लागि वार्षिक रु. १५,०००।- का दरले पोशाक खर्च प्रदान गर्नुपर्नेमा रु.२०,०००।- का दरले भूक्तानी गरेको हँदा रु.५,०००।- का दरले प्रति शिक्षक पोशाक भत्ता असूल गर्नुपर्ने रु. | २,५५,०००/- |

| क्र.सं. | विद्यालयको नाम | शिक्षक संख्या | बढी भूक्तानी पोशाक |
|---|---|---|---|
| १. | बुद्ध मा.वि. मांग्री | १२ जना | ६०,०००/- |
| २. | जनजागृति प्रा.वि. मुगु | १ जना | ५,०००/- |
| ३. | छाँयानाथ नि.मा.वि. क्रिमी | ३ जना | १५,०००/- |
| ४. | नेपाल राष्ट्रिय प्रा.वि. ताखा | ७ जना | ३५,०००/- |

| | | | |
|---|---|---|---|
| ५. | कान्जिरोवा प्रा.वि. दोल्फू | २ जना | १०,०००/- |
| ६. | नेपाल राष्ट्रिय प्रा.वि. कार्ती | २ जना | १०,०००/- |
| ७. | सरस्वती प्रा.वि. | १ जना | ५,००/- |
| ८. | नेछेन प्रा.वि. पूअ | २ जना | १०,०००/- |
| ९. | नेपाल राष्ट्रिय प्रा.वि. चितै | १ जना | ५,०००/- |
| १०. | नेपाल राष्ट्रिय प्रा.वि. रिउस | १ जना | ५,०००/- |
| ११. | महाने प्रा.वि. दाउरा | २ जना | १०,०००/- |
| १२. | नेपाल राष्ट्रिय प्रा.वि. खारी | २ जना | १०,०००/- |
| १३. | सरस्वती नि.मा.वि. पुलु | २ जना | १०,०००/- |
| १४. | नेपाल राष्ट्रिय आ.वि. पुलु | ३ जना | १५,०००/- |
| १५. | नेपाल राष्ट्रिय नि.मा.वि. छाइल | ३ जना | १५,०००/- |
| १६. | आनन्द आ.वि. चिमाथ | ४ जना | २०,०००/- |
| | **जम्मा** | **५१ जना** | **२,५५,०००/-** |

३६.६ **२०/२०७६-३-२९**

बुद्ध मा.वि. मांग्रीको प्र.अ. भत्ता दोस्रो चौमासिकमा निकासा भई सकेकोमा छुट भनी पूनः भुक्तानी भएकोले उक्त रकम असुल गर्नुपर्ने रु. २,०००/-

३६.७ **२०/२०७६-३-२९**

बुद्ध मा.वि. मांग्रीलाई कम्पोनेट नं. ८.५.१४.२३ को कक्षा ९ मा थप प्राविधिक धारका विद्यालय सञ्चालनका लागि ल्याव सहयोग अनुदान वापत पशु विज्ञान ल्याव स्थापना गर्न रु. १३,००,०००।- निकासा दिएको पाइयो । ल्याव स्थापना भएको प्रमाण, कागजात पेश गर्नुपर्ने रु. १३,००,०००/-

**चालु खर्चतर्फ**

३७ **दैनिक भ्रमण भत्ता बढी भुक्तानी - ४२१/२०७६-३-२९**

यस गाउँपालिकाबाट सरुवा भई गएका ना.प्रा.स. दिपक पुनलाई सरुवा भ्रमण खर्च भुक्तानी दिँदा फुटकर खर्च वापत रु..२,०००।- भुक्तानी हुनुपर्नेमा रु. ६,०००।- गरी बढी भुक्तानी रु.४,०००।- र १ दिनको ३ जनाको दोहोरो दैनिक भत्ता रु.३,९६०।- गरी रु.७,९६०।- बढी भुक्तानी भएको हुँदा सो रकम असुल गर्नुपर्ने रु.. ७,९६०/-

३८ **ग्रेड बढी भुक्तानी** - जिल्ला स्थित कार्यालयहरुले कोष तथा लेखा नियन्त्रक कार्यालय मार्फत पारित गराएको तलवी प्रतिवेदन बमोजिम ग्रेडको भुक्तानी गर्नुपर्दछ । यस गाउँपालिकाले देहाय बमोजिमका कर्मचारीहरुलाई पारित तलवी प्रतिवेदन भन्दा बढी ग्रेड भुक्तानी गरेको पाइयो । अतः बढी ग्रेड भुक्तानी असुल गर्नुपर्ने रु. १८,७१६/-

| कर्मचारीको नाम थर | पद | पारित ग्रेड | भुक्तानी ग्रेड | अवधी | संचय कोष (१०%) थप सहित बढी भुक्तानी | चाडपर्व खर्चमा भएको बढी भुक्तानी | जम्मा बढी भुक्तानी |
|---|---|---|---|---|---|---|---|
| टेक बहादुर शाही | ना.सु. | ३९१५/- | ४६९८/- | ३ | २५८४/- | ७८३/- | ३३६७/- |
| जनकराज शाही | ना.सु. | ७८३/- | १५६६/- | ४ | ३४४५/- | ७८३/- | ४२२८/- |
| सरोज के.सी. | स.इ. | ३१३२/- | ३९१५/- | १२ | १०३३ /- | ७८३/- | ११११८/- |
| | | | | | | **जम्मा** | **१८७१६/-** |

३९ **२११।२०७५-१२-३**

**दोहोरो बैठक भत्ता भुक्तानी** - गाउँपालिकाको २०७५।११।२६ र २७ गते बसेको कार्यपालिका बैठकमा सहभागी भई बैठक भत्ता भुक्तानी लिएका देहायबमोजिमका पदाधिकारीले सोही मितिमा गाउँपालिकाको विधेयक समितिको बैठकमा समेत सहभागी भइ बैठक भ्रमण भत्ता

| | | |
|---|---|---|
| | भुक्तानी लिएको देखियो । यसरी एउटै मितिमा लिएको दोहोरो भत्ता असुल गरी दाखिला गर्नुपर्ने रु. | १०,२००/- |

| क्र.स. | नाम, थर | दर्जा | दोहोरो भुक्तानी | कर कट्टी (१५%) | असुल गर्नुपर्ने |
|---|---|---|---|---|---|
| १ | सेटोल कामी | कार्यपालिका | २,०००।- | ३००।- | १,७००।- |
| २ | कार्मा तामाङ | वडा अध्यक्ष | २,०००।- | ३००।- | १,७००। - |
| ३ | कार्मा फिन्जो तामाङ | वडा अध्यक्ष | २,०००।- | ३००।- | १,७००। - |
| ४ | छेवानग्याल्जन तामाङ | वडा अध्यक्ष | २,०००।- | ३००।- | १,७००। - |
| ५ | घोर्पा छिरिङ तामाङ | वडा अध्यक्ष | २,०००।- | ३००।- | १,७००। - |
| ६ | सरोज के.सी. | सब इन्जिनियर | २,०००।- | ३००।- | १,७००। - |
| | | **जम्मा** | **१२,०००।** | **१,८००।-** | **१०,२००/-** |

४० **पदाधिकारी पारिश्रमिक** - कर्णाली प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधासम्बन्धी ऐन, २०७५ को दफा ३ अनुसार स्थानीय तहका पदाधिकारी र सदस्यले आफू निर्वाचित भई पद तथा गोपनीयताको शपथ लिई पदभार ग्रहण गरेको मितिदेखि लागू हुने गरी तोकिए बमोजिम मासिक सुविधा उपलब्ध गराउने व्यवस्था छ । गाउँपालिकाका पदाधिकारी तथा सदस्यहरुले गत वर्ष र यसवर्षको गरी २४ महिनाको रु.१,०३,१३,०००।- भूक्तानी गरेको छ । यस गाउँपालिकाले पदाधिकारी तथा सदस्यलाई चाडपर्व खर्च र पोशाक भत्ता भुक्तानी दिएको छैन । भुक्तानीको विवरण तयार निम्नानुसार रहेको छ :

| **क्र.सं.** | **विवरण** | **अध्यक्ष** | **उपाध्यक्ष** | **वडा अध्यक्ष ९ जना** | **कार्यपालिका सदस्य ६ जना** | **सभाका सदस्य २८ जना** |
|---|---|---|---|---|---|---|
| १ | मासिक सुविधा | ३०५०० | २५००० | १९००० | १०००० | ५००० |
| २ | सञ्चार सुविधा (मासिक दरमा) | १५०० | १००० | ८०० | | |
| ३ | बैठक भत्ता (बैठक संख्याको आधारमा) | ० | ० | ० | ० | ० |
| ४ | खाजा भत्ता (मासिक) | ० | ० | ० | ० | ० |
| ५ | पुस्तक पत्रपत्रिका (मासिक) | ० | ० | ० | ० | ० |
| ६ | अनुगमन भत्ता (मासिक) | १८०० | १६०० | १५०० | १५०० | १५०० |
| ७ | खानेपानी, बिजुली महसुल ( मासिक) | ० | ० | ० | ० | ० |
| ८ | सरसफाई, मर्मत (मासिक) | ० | ० | ० | ० | ० |
| ९ | अतिथि सत्कार (मासिक) | ० | ० | ० | ० | ० |
| १० | यातायात खर्च (मासिक) | ० | ० | २००० | ० | ० |
| | **जम्मा प्रति व्यक्ति** | ३३,८००/- | २७,६००/- | २३,३००/- | ११,५००/- | ६,५००/- |

४१ कर्णाली प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधासम्बन्धी ऐन, २०७५ को दफा ८ मा सरकारी कोषबाट निवृत्तभरण पाएको व्यक्ति, पदाधिकारी वा सदस्यमा निर्वाचित वा मनोनयन भएमा त्यस्तो पदाधिकारी वा सदस्यले निवृत्तरण वा यस ऐन बमोजिमको सुविधामध्ये एउटा मात्र सुविधा पाउने व्यवस्था छ। यस सम्वन्धमा गाउँपालिकासँग छलफल हुँदा कुनै पनि पदाधिकारी वा सदस्यले सरकारी कोषबाट निवृत्तरण नपाएको जानकारी प्राप्त भयो ।

४२ **कर्मचारी प्रोत्साहन भत्ता** - नेपाल सरकारबाट स्थानीय निकायमा खटिएका निजामती कर्मचारी, मन्त्रालयले स्वीकृत गरेको प्रशासन अनुदानका कर्मचारीको तलव, भत्ता, दैनिक भ्रमण भत्ता र कार्यालय सञ्चालन खर्च, क्षमता विकास खर्च, सामाजिक परिचालन खर्च पाउने व्यवस्था छ । गाउँपालिकामा कार्यरत कर्मचारीलाई मासिक प्रोत्साहन भत्ताको व्यवस्था गरेको छैन । बजेट नीति कार्यक्रम तयार गरे वापत १० जनालाई १ महिनाको तलव बराबर हुने रु.२,६०,०७०।-, कानून मस्यौदा तयार गरे वापत ४ जनालाई १ महिनाको तलव बराबर

| | | |
|---|---|---|
| | हुने रु.१,१५,०००।- गरी जम्मा रु.३,७५,०७०।- खर्च भएको छ । गाउँपालिकाले आन्तरिक स्रोतलाई समेत मध्यनजर गरी प्रोत्साहन भत्ता वितरण गर्नुपर्दछ । | |
| ४३ | **स्वकीय सचिव र सल्लाहकार** - स्थानीय तहका पदाधिकारीको सेवा सुविधा सम्बन्धी विभिन्न ऐनहरुमा पदाधिकारीको लागि स्वकीय सचिव र सल्लाहकार राखी पारिश्रमिक भुक्तानी दिने व्यवस्था छैन । उल्लेखित पदमा कुनै पनि व्यक्तिलाई नियुक्त नगरेको गाउँपालिकाबाट जानकारी प्राप्त भयो । | |
| | **पूँजीगततर्फ** | |
| ४४ | **उपभोक्ता समितिबाट निर्माण कार्य** - उपभोक्ता समितिबाट भएको निर्माण कार्यको परीक्षण गर्दा देखिएको व्यहोराहरु यस प्रकार छन् : | |
| ४४.१ | संस्था दर्ता ऐन, २०३४ दफा ३ अनुसार कुनै पनि संस्था विधान सहित दर्ता नभएमा संस्थालाई कानूनी मान्यता दिन मिल्ने देखिदैन । गाउँपालिकाले यसवर्ष सम्झौता गरेका कुनैपनि उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुनेगरी दर्ता भएको पाइएन । स्थानीय रुपमा योजना र बजेटको आधारमा अस्थायी रुपमा उपभोक्ता समिति गठन हुने र काम सम्पन्न पश्चात् समिति विघटन हुने हुंदा निर्माण सम्पन्न योजनाहरु अलपत्र भएमा जिम्मेवार बनाउन कठिनाई हुने भएकोले स्थायी संयन्त्र मार्फत काम गर्ने गरी उपभोक्ता समितिको कार्यमा सुधार हुनुपर्दछ । | |
| ४४.२ | उपभोक्तासँगको खरिद सम्झौतामा सबै कामहरु इन्जिनियरिङ्ग नर्म्स, प्राविधिक नक्सा, संलग्न प्राविधिक स्पेशिफिकेशन अनुसार गर्नुपर्ने व्यवस्था रहेकोमा अधिकांश उपभोक्ता समितिको कार्यमा प्राविधिक नक्सा तयार गरेको पाइएन साथै योजनाको जानकारी मूलक सूचना वोर्ड नराखेको जानकारी प्राप्त भयो । उपभोक्ता समितिवाट भएको काममा पारदर्शिता हुनुपर्दछ । | |
| ४४.३ | सार्वजनिक खरिद नियमावली, २०६४ को ९७ उपनियम (११) अनुसार उपभोक्ता समिति वा लाभग्राही समुदायले निर्माण कार्य सम्पन्न गरी सकेपछि सम्बन्धित सार्वजनिक निकायले खटाएको प्राविधिक कर्मचारीबाट त्यस्तो कामको जाँचपास गराई त्यस्तो निकायबाट प्राप्त रकम र जनसहभागिताबाट व्यहोरिएको श्रम, नगद वा जिन्सी समेत कुल खर्चको विवरण सो निकायमा पेश गर्नु पर्ने व्यवस्था छ । सम्बन्धित सार्वजनिक निकायले त्यसरी प्राप्त भएको विवरणको अभिलेख राख्नु पर्नेछ भन्ने व्यबस्था रहेको छ । गाउँपालिकाबाट संचालित योजनाहरुमा प्राविधिकहरुबाट नाँपजाच भएको अधिकांश निर्माण कार्यहरुको लागत अनुमानसँग समान हुने गरी कार्यसम्पन्न तयार गरेको पाइयो । यसर्थ निर्माण कार्यको प्राविधिक नापजाँचलाई वास्तविक बनाउनु पर्दछ । | |
| ४४.४ | सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(१२) बमोजिम निर्माण कार्य सम्पन्न भएपछि सार्वजनिक निकायले सोको रेखदेख, मर्मत सम्भार गर्ने जिम्मेवारी समेत तोकी आयोजनाको स्वामित्व उपभोक्ता समिति वा लाभग्राही समुदायलाई नै हस्तान्तरण गर्नु पर्ने व्यवस्था छ । यो बर्ष उपभोक्ता समितिबाट सम्पन्न गरेको कुनै पनि आयोजना नियमावलीको व्यवस्था बमोजिम हस्तान्तरण गरको देखिएन । जसबाट सम्पन्न आयोजनाको मर्मत, रेखदेख तथा उचित संरक्षण हुन नसकी लगानी खेर जान सक्ने देखिन्छ । यसतर्फ गाउँपालिकाको ध्यान जानुपर्दछ । | |
| ४४.५ | सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ उपनियम (११) मा निर्माण कार्य सम्पन्न गरिसकेपछि सार्वजनिक निकायलाई प्राप्त भएको भौतिक संरचनाहरुको विवरण खुलाई अभिलेख राख्नुपर्ने व्यवस्था भएकोमा गाउँपालिकाले यस वर्ष संचालन गरेको योजना निर्माण कार्यको लगत अद्यावधिक गरेको देखिएन । गाउँपालिकाले गतविगत वर्ष देखि संचालन भएको कार्यक्रमबाट निर्माण गरेको भौतिक संरचनाहरु समेतको लगत राख्ने व्यवस्था गरी निर्माण कार्यको लगत व्यवस्थापन गर्नुपर्ने देखिन्छ । | |
| ४५ | **प्रमाण कागजात**<br>**२०-२०७५।८।१४**<br>अपाङ्ग सम्बन्धी कार्यक्रम गर्न गाउँपलिकाले जिल्ला खेलकुद विकास समिति छाँयाथान रारा नगरपालिकालाई रु.१,००,०००।- भूक्तानी गरेको छ । सो कार्यक्रम सञ्चालन सम्बन्धी कुनै कागजात संलग्न नभएकोले सो सम्बन्धी कागजात पेश गर्नुपर्ने रु. | १,००,०००/- |

| | | |
|---|---|---|
| ४६ | **सवारी साधन खरिद** - गाउँपालिकाले यस वर्ष सवारी साधान खरिद वापत रु. ७ लाख ५० हजार बजेट विनियोजन गरेको पाइयो । गाउँपालिकाले सवारी साधान खरिद अन्तर्गत रु. ५,६४,७७४।- मा २ वटा मोटरसाइकल र रु.६५,५००।- मा १ घोडा खरिद गरेको छ । उक्त दुबै सवारी साधनको जिन्सी आम्दानी बाँधेको छ । | |
| ४७ | **गाउँपालिका अध्यक्ष रोजगार कार्यक्रम** - यस कार्यक्रम अन्तर्गत रु. ६६ लाख बजेट विनियोजन भएकोमा पुलुबाट सेराक गाउँसम्मको १५९० मीटर पदमार्ग निर्माणको काम गरेको पाइयो । निर्माण कार्यको लागि रु. ८०,४२,६४३।- को लागत अनुमान तयार गरेकोमा गाउँपालिकाले रु. ६६,००,०००।- व्यहोर्ने गरी २०७६।१।१५ मा २०७६।३।२० सम्म सम्पन्न गर्नेगरी सम्झौता भएको छ । तोकिएको समयमा निर्माण सम्पन्न भएकोमा सम्पुर्ण निर्माण कार्य मानिसद्वारा नै गरिएको छ । निर्माणको प्राविधिक नापजाँच गर्दा विभिन्न स्थानहरुको चेनेज स्पष्ट रुपमा उल्लेख गरेको छैन । यसर्थ बाटो खन्ने कार्यको स्पष्ट चेनेज उल्लेख गरी नापजाँच गर्नुपर्दछ । | |
| ४८ | **पेस्की बाँकी** - निम्नानुसारका निर्माण कार्यका लागि दिइएको पेस्की वर्षान्तमा पनि फछ्र्यौट भएको पाइएन । अतः आर्थिक कार्यविधि नियमावली, २०६४ अनुसार पेस्की फछ्र्यौट गर्नुपर्ने रु. | २,१०,०००/- |

| पेस्की मिति | पेस्की लिनेको नाम | पेस्की रकम |
|---|---|---|
| २०७६/१/४ | पुलु स्वास्थ्य चौकी | ४०,०००.०० |
| २०७६/१/६ | शिवमन्दिर निर्माण समिति | ५०,०००.०० |
| २०७६/२/५ | वडा नं. ५ वडा कार्यालय खानेपानी निर्माण समिति | ९०,०००.०० |
| २०७६/२/६ | मांग्री गाउँदेखि ल्होरा तेमतेमसम्म खानेपानी निर्माण समिति | ३०,०००.०० |
| | **जम्मा** | **२१०,०००.००** |

अनुसूचीः १

# कर्णाली प्रदेश
# मुगुम कार्मारोङ्ग गाउँपालिका
# २०७५।७६

## सञ्चित कोष विवरण

**(रु.हजारमा)**

| क्र. सं. | स्थानीय तह | जिल्ला | आय | | | | जम्मा आय | व्यय | | | | मौज्दात |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | गत वर्षको जिम्मेवारी | समानीकरण अनुदान | सशर्त तथा अन्य बजेट अनुदान | अन्य आय | | चालु खर्च | पुँजीगत खर्च | अन्य खर्च | जम्मा खर्च | |
| | | | १ | २ | ३ | ४ | ५ (२+३+४) | ६ | ७ | ८ | ९ (६+७+८) | १० (१+५–९) |
| १ | मुगुम कार्मारोङ्ग गाउँपालिका | मुगु | ३,६८,८८ | ६,४६,७२ | ६,२९,३२ | १०,६६,५० | २३,४२,५४ | ४,२१,२१ | ७,९५,२९ | १२,३१,२१ | २४,४७,७१ | २,६३,७१ |

अनुसुचीः २

## बेरुजु बर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

**(रु.हजारमा)**

| क्र. सं. | जिल्ला | स्थानीय तहको नाम | प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाँकी बेरुजु | | | बाँकी बेरुजु | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | अशुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेश्की | | |
| | | | सैदान्तिक | लगती | | सैदान्तिक | लगती | | सैदान्तिक | लगती | | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | कर्मचारी | अन्य | जम्मा |
| १ | मुगु | मुगुम कार्मारोङ्ग गाउँपालिका | ५५ | १४ | ५७,६० | ० | ० | ० | ५८ | १४ | ५७,६० | ३,३८ | ० | ३२,३६ | ० | | ३२,३६ | ० | २१,८६ | २१,८६ |

अनुसुचीः ३

## अद्यावधिक बेरुजु स्थिति

**(रु.हजारमा)**

| क्र. सं. | स्थानीय तह | जिल्ला | गत बर्ष सम्मको बाँकी | यो वर्षको फछ्र्यौट | बाँकी | यो वर्ष सं.प.वाट कायम भएको बेरुजु | यो वर्षको बेरुजु | कुल बाकी बेरुजु |
|---|---|---|---|---|---|---|---|---|
| १. | मुगुम कार्मारोङ्ग गाउँपालिका | मुगु | १,७०,२९ | ३२,६३ | १,३७,६६ | ० | ५७,६० | १,९५,२६ |